# पाखीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पाख्रीबास, धनकुटा

१ नं. प्रदेश नेपाल


मिति : २०७९/०६/१४

**विज्ञसी**

यस पाखीबसा नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री प्रकाशराज पौडेल माथि मिति २०७९/०६/१३ गतेका दिन साँझ करीव ४ : ५२ बजेको समयमा संघीय प्रतिनिधी सभा सदस्य माननीय सांसद राजेन्द्र राईले अत्यन्त अपमानजनक, अभद्र, असभ्य र अराजक तवरले जिउ ज्यान मार्ने धम्की दिएको र स्थानीय बासी पा.न.पा. ४ का श्री बलराम खड्काले राष्ट्रसेवक कर्मचारीमाथि साइवर अपराध सम्बन्धी कानुन विपरीत अप्रमाणित झुठ्ठा मिथ्या आरोप लगाएको प्रति पाखीबास नगरपालिका एवम् नगरपालिका कर्मचारी परिवार गम्भीर आपत्ती जनाउदै यसै विज्ञसी मार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छौं ।

नेपालको संविधान बमोजिम राज्यको गरिमामय सांसदको प्रतिनिधि सभाको माननीय सांसद जस्तो गरिमामय पदमा बसेर निर्दोष राष्ट्रसेवक कर्मचारीलाई दास नोकर जस्तो ठानी निरंकुश ब्यवहार देखांई अभद्र र अराजक तवरले अपराधिक मानसिकताबाट ग्रसित भई जिउ ज्यान मार्ने मास्ने समेत धम्की दिएकोमा हामी यसै विज्ञसी मार्फत जिउ ज्यानको सुरक्षाको माग गर्दै हामीले बाँच्न पाउने नैसर्गिक अधिकारको संरक्षणका लागि सम्बन्धित सबै निकायमा समेत जोडदार माग गर्दछौं।

यसै गरी पाखीबास नगरपालिकाका स्थानियबासी श्री बलराम खड्काले मिति २०७९/०६/१३ गते राति करिव ९ : १९ बजे सामाजिक सञ्जालमा निर्दोष राष्ट्रसेवक प्रमुख प्रशासकीय अधिकृत श्री प्रकाशराज पौडेलको फोटो राखी भ्रष्टचार र घुसखोरीको मिथ्या आरोपित शब्द लेखी अत्यन्त भ्रामक प्रचारप्रसार गरी समाजिक सञ्जाल मार्फत अपमान र मानहानी गरेकोमा सिङ्गो नगरपालिका, नगरपालिका कार्मचारी परिवारबाट घोर आपत्ती र भर्त्सना गर्दै सो कुराको सत्य तथ्य छानविन गरी साइवर अपराध कृयाकलापमा संलग्न स्थानीय बासी बलराम खड्कालाई प्रचलित साइवर अपराध कानुन बमोजिम कार्वाही गरिदिन राज्यका सम्बन्धित निकायलाई हर्दिक अपिल गर्दछौं । राज्यको कानुन, विधि विधानको धज्जी उडाउदै एक राष्ट्र सेवक कर्मचारी माथि र सिङ्गो नगरपालिकालाई लगाइएको झुठ्ठा आरोपको सम्बन्धमा हामी कानुनी उपचारका लागि कार्वाही प्रकृया अगाडी बढाइने र कानुनलाई शिरोधार्य गर्दै साइवर अपराधमा संलग्न व्यक्तिलाई कानुन् अनुसार कार्वाही अगाडि वढाई दिन समेत यसै विज्ञसी मार्फत अनुरोध गर्दछौं ।

अन्त्यमा यसरी हामी नगरपालिकाका राष्ट्रसेवक कर्मचारी सधैं डर त्रास धम्की र अपहेलना सहेर मिथ्या आरोपले अपमानित भएर स्वतन्त्र र स्वेच्छाले काम गर्न नसक्ने व्यहोरा अनुरोध गर्दै तत्काले सम्बन्धित सरोकार वाला निकायबाट यस कुराको छानविन अनुसन्धान निराकरण र कानुनी कार्वाही अगाडी नबढाए हामी नगरपालिका कर्मचारी नगरमा सेवा दिन नसक्ने व्यहोरा अनुरोध गर्दछौं। यसरी माथि उल्लेखित व्यहोराका विषयहरुबाट स्थानीय सेवाग्राही र स्थानीय नागरिकलाई यस नगरपालिकाबाट पर्न सक्ने असर प्रति क्षमा प्रार्थी गर्दै यस सम्बन्धमा निज माननीय सांसद राजेन्द्र राई र बलराम खड्का नै स्वयम् जिम्मेवार हुन पर्ने व्यहोरा अनुरोध गर्दै यसै विज्ञसी मार्फत राष्ट्र सेवक कर्मचारीको जिउ ज्यान अस्तित्व इमानको संरक्षण एवम् नैसर्गीक मौलिक अधिकारको संरक्षणका लागि सम्बन्धित निकायमा जोडदार माग गर्दछौं ।

२०७९/६/१४

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत
र सम्पूर्ण कर्मचारी परिवार

प्रमुख प्रशासकीय अधिकृत